
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २५ ❑ अङ्क ६९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० चैत १० गते शनिबार ❑ 23 March 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## सर्वोच्चले रोकिदियो वडा अध्यक्षको रहर

श्रीकृष्ण सिग्देल
स्याङ्जा, ९ चैत



वालिङ नगरपालिकाको विवादित स्थानीय शिक्षा विधेयकले वालिङको समग्र शिक्षा क्षेत्र प्रभावित बन्ने संकेत देखिएको छ । वडा अध्यक्षलाई स्वत विद्यालय व्यवस्थापन समितिको अध्यक्ष बनाउने गरी संशोधन भएको स्थानीय शिक्षा ऐन विवादमा फसेपछि शैक्षिक क्षेत्र नै प्रभावित हुने संकेत देखिएको हो । वालिङ नगरपालिकाले नगरभित्र रहेका ७२ सामुदायिक विद्यालयका व्यवस्थापन समितिको समय सकिएर नयाँ निर्वाचित गराउने अभियानमा जुटेको थियो। १५औं नगरसभाले स्थानीय शिक्षा ऐन संशोधन गरी वडा अध्यक्ष स्वतः विद्यालय व्यवस्थापन समितिको अध्यक्ष बन्न पाउने बाटो खुलाएको थियो।

नगरको शिक्षा क्षेत्रलाई प्रभावकारी बनाउन वडा अध्यक्षलाई व्यवस्थापन समितिको अध्यक्ष बन्न पाउने प्रावधान सहितको स्थानीय ऐन संशोधन गरेको थियो । ऐन संशोधन गरेपछि नगर उपप्रमुख सहित १५ जना जनप्रतिनिधि विपक्षमा उभिएपछि यसको खारेजीको माग गर्दै न्यायका लागि वालिङका शैक्षिक व्याक्तित्व, जनप्रतिनिधि नै उच्च अदालत देखि सर्वोच्च सम्म पुगेका थिए । उच्च अदालतले कार्यन्वयन गर्न सकिने खालको संकेत गरेपनि सर्वोच्चले भने कार्यन्वयन नगर्नु भन्ने आदेश दिएको छ । सो रिटका आधारमा सर्वोच्च अदालतले वालिङ नगरपालिकाको वडाध्यक्षलाई विद्यालय व्यवस्थापन समितिको अध्यक्ष बनाउने निर्णयमा रोक लगाईदिएको छ । सर्वोच्चको संवैधानिक इजलासले वडाध्यक्षलाई विद्यालयको अध्यक्ष बनाउन नपाइने भन्ने रिट निवेदनमा अन्तरिम आदेश जारी गरेपछि वडा अध्यक्षहरुको व्यावस्थापन अध्यक्ष बन्ने रहर रोकिएको हो । वालिङ नगरपालिकाले संघिय शिक्षा ऐन विपरीत वडाको वडाध्यक्ष नै विद्यालय व्यवस्थापन समितिको अध्यक्ष हुने गरी निर्णय गरेको थियो । वालिङ नगरपालिकाको निर्णय विरुद्ध गत हप्ता मात्रै वालिङका शिक्षाविदहरुले रिट निवेदन दर्ता गराएका थिए।

नगरसभाले पालिकाको शिक्षा सम्वन्धि ऐन २०७४ लाई संशोधन गरि नगरपालिका भित्र ७२ वटा सामुदायिक विद्यालयमा वडा अध्यक्षलाई नै जिम्मेवारी दिने तयारी गरेको थियो। यस अघि विद्यालय व्यवस्थापन समितिमा सम्बन्धित अभिभावकबाट नै छनौट हुने गरी अध्यक्ष हुन पाउने व्यवस्था रहेको थियो । संघीय कानुनसँग बाझिएकाले यो निर्णय अव्यवहारिक थियो भन्दै विपक्षमा उभिएका जनप्रतिनिधिहरुले सर्वोच्चको आदेश सकारात्मक रहेको बताएका छन् । नगरपालिकाको निर्णय विरुद्धको रिटमा बहस गरेका बरिष्ठ अधिवक्ता डा. चन्द्रकान्त ज्ञावलीका अनुशार संघीय सरकारको साझा सूचीमा रहेको उक्त अधिकार स्थानीय तहले मनोमानी रुपमा दुरुपयोग गर्न नपाउने बताए । उनले भने, 'स्थानीय सरकारले विद्यालयहरुको अनुगमन र निरीक्षण गर्ने भएतापनि कार्यकारीणी पदमा बस्न मिल्दैन् ।' अधिवक्ता डा ज्ञावलीले नयाँ व्यवस्थापन समिति गठनको निर्णय प्रक्रियामै गल्ती भएको बताए । डा. ज्ञावलीले भने, ' विद्यालय व्यवस्थापन समिति गठनको प्रक्रियाबाट हेर्ने हो भने ठाडै गल्ती देखिन्छ । किनभने, समितिको अध्यक्ष अभिभावक नै हुनुपर्छ भन्ने व्यवस्था छ । वडाध्यक्षहरु अभिभावक होइनन ।' अभिभावक भनेको आफ्ना छोराछोरी त्यहाँ पढाउने व्यक्तिलाई सम्झनु पर्ने व्यवस्था प्रष्ट भएकाले जनप्रतिनिधिलाई समितिले चिन्दैन उनले भने । यो निर्णय संघीय ऐन र खुद नगरपालिका आफैले बनाएको ऐनसँग पनि बाँझिएको ज्ञावलीले जिकिर गरे । शिक्षा ऐनको दफा १२ ले विद्यालयका संस्थापक, चन्दादाता तथा अभिभावकहरुमध्ये बाट व्यवस्थापन समितिको चयन गर्ने प्रावधान तोकेको छ । ' जिम्मेवारीको हिसाबले ठिकै होला । तर न्याय हुँदैन । नीतिको हिसाबमा बेठिक हो । जनप्रतिनिधिहरु अभिभावक नै होइन ।' उनले भने, 'स्थानीय तहको जिम्मेवारी के हो भन्ने विषयमा ठूला कुराबाट सुरु गर्नुपर्ने हुन्छ। यो शक्तिको दुरुपयोग हो ।' संविधानको भाषामा पालिकाको जिम्मेवारी भए पनि शिक्षा नीतिको हिसाबले समितिमै आफै बस्ने जिम्मेवारी जनप्रतिनिधिलाई नभएको ज्ञावलीले बताए। उनले भने, बजेट निकासा, कार्यान्वयन, उपभोग अनि आफैले अनुगमन कसरी मिल्छ ? नगरप्रमुख कृष्ण खाँणले १५औं नगरसभामा बहुमतबाट उक्त निर्णय पारित भएको सुनाए । उनले भने, ' विद्यालयको शैक्षिक गुणस्तर राम्रो होस् । हाम्रो जिम्मेवारी समेत बढोस् । शिक्षालाई अझै गुणस्तरीयबनाउनसकियोस्।बजेट सतप्रतिशत कार्यान्वयन होस् । निजी विद्यालयको गुणस्तरभन्दा कमी नहोस् भनेर यो निर्णय गरेका थियौं।' अहिले आएर सर्वोच्चको संवैधानिक इजलासले हाम्रो उक्त निर्णय, पत्राचार र संशोधित ऐन कार्यान्वयन नगर्नु भनेर अन्तरिम आदेश जारी गरेको छ भन्ने सुनेको छु नगर प्रमुख खाँणले भने, 'अहिलेसम्म सर्वोच्चको पूर्णपाठ आइसकेको छैन । पूर्णपाठ आएपछी उचित निकास निकाल्ने विषयमा सोचौला ।' वालिङको शैक्षिक क्षेत्रलाई सुधार गर्न उक्त ऐन ल्याएको उनले बताए । वालिङ नगरपालिकाले शिक्षा ऐन संशोधन गरेपछि अहिले जनप्रतिनिधि नै विभाजित भएका छन् । जसले गर्दा वालिङको विकास निर्माण देखी सामाजिक क्रियाकलापमा समेत प्रभावित हुने अवस्था देखिदै आएको छ।

## एमाले कास्कीको अधिवेशनको तयारी पुरा, अध्यक्ष ओलीले उद्घाटन गर्ने

पोखरापत्र संवाददाता
पोखरा, ९ चैत




नेकपा एमाले कास्कीको ११ औँ जिल्ला अधिवेशन शनिबारदेखि सुरु हुने भएको छ।

पोखराको नयाँ बजारस्थित प्रर्दशनी केन्द्रमा एमाले अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले अधिवेशनको उद्घाटन गर्ने भएका छन् । अधिवेशनकोा सम्पूर्ण तयारी पुरा भएको एमाले कास्कीले शुक्रबार पोखरामा पत्रकार सम्मेलनको आयोजना गरी जानकारी दिएको छ। ११ गतेसम्म चल्ने अधिवेशनले नयाँ नेतृत्व चयन समेत गर्ने छ। अधिवेशनमा कास्की जिल्लाका ७२ वटा वडा, जनसंगठन, सल्लाहकार परिषद्, तिन इलाका कमिटीका शाखा कमिटी, सल्लाहकार कमिटी र आयोजक कमिटीबाट गरी ९३५ जना प्रतिनिधिको सहभागिता रहने एमाले कास्कीका अध्यक्ष एवं अधिवेशन मुल समारोह संयोजक मनबहादुर गुरुङले जानकारी दिए। उनका अनुसार प्रतिनिधि चयनमा महिला, जनजाति, दलित र अन्य समुदायको उचित प्रतिनिधित्व गराउँदै समावेशी सहभागितामा यथेष्ट ध्यान दिइएको समेत बताए। अधिवेशन उद्घाटन समारोहलाई भव्य र सभ्य बनाउन जिल्ला कमिटी, महानगर, पालिका, ईलाका, वडा, जनवर्गीय संगठनलाई परिचालन गरिएको उनले बताए । अधिवेशनलाई ऐतिहासिक र सफल बनाउनका लागि जिल्ला कमिटी अध्यक्ष . मनबहादुर गुरूङको अध्यक्षतामा मूल व्यवस्थापन कमिटी गठन गरिएको छ । उक्त कमिटीमा जिल्ला कमिटीका सदस्यहरु सबै, जिल्ला लेखा कमिटी, पालिका/ईलाका कमिटीका अध्यक्षहरु रहेको एमाले कास्कीका उपसचिव एवं प्रचार प्रसार उपसमितिका संयोजक दर्शन लामाले बताए।

अधिवेशनमा प्रस्तुत गरिने राजनीतिक प्रतिवेदन लेखनका लागि अध्यक्ष मनबबहादुर गुरुङको संयोजकत्वमा तेजनारायण अधिकारी, हिराकुमारी गिरी, भेषराज बराल,ऋषिराम लामिछाने, श्रीराम पोखरेल, डिलु पौडेल र प्रमिला बराल सदस्य रहेका छन् भने संगठनात्मक प्रतिवेदन लेखनका लागि संयोजकमा सचिव बैनबहादुर अधिकारी क्षेत्री तथा सदस्यहरूमा आरपी शर्मा, विजया सुवेदी, बलराम पौडेल, झपट रानाभाट, बालाकृष्ण शर्मा, खेमराज सापकोटा, प्रकाश गुरूङ, खगराज आचार्यलाई जिम्मेवारी दिइएको छ । यस्तै, आर्थिक प्रतिवेदन लेखनका लागि कोष तथा वित्त व्यवस्थापन विभागका प्रमुख चिरञ्जीवी पोखरेललाई संयोजक र सदस्यहरु जिल्ला लेखा समितिका अध्यक्ष निर्मल खत्री,ज्ञानबहादुर कार्की, सीबी सुवेदी, सूर्यबहादुर जिसी, बिलबहादुर भुजेल, निर्मला पौडेल अधिकारीलाई जिम्मेवारी तोकिएको छ।

अधिवेशनलाई सुव्यवस्थित बनाउनका लागि विभिन्न उपसमितिहरू समेत गठन गरिएको छ। स्वयंसेवक उपसमिति संयोजक तेजनारायण अधिकारी र सदस्यहरुमा कर्णबहादुर गुरूङ, ओम सुवेदी, पसबहादुर बास्तोला, शिवप्रसाद अधिकारी, हरिबोल गौतम, प्रमिला बराल, खेमराज आचार्य, श्रीधर पौडेल, विष्णुकुमार गुरूङ, विक्रम रायमाझी, पूर्णबहादुर गुरुङ, रेशमकुमार नेपाली, सीता बिक, सोमनाथ पौडेल, कमला केसी, संगीता सुवेदी झलक

बाँकी अन्तिम पृष्ठमा ▶▶

## गण्डकीको बाह्र सय हेक्टरमा डढेलो

पोखरापत्र संवाददाता
पोखरा, ९ चैत

गण्डकी प्रदेशभित्र यस वर्षको हिउँदमा करिब एक हजार २१५ हेक्टर वन क्षेत्रमा डढेलो लागेको छ । प्रदेशका ११ जिल्लामध्ये १० जिल्लाका एक सय ४७ स्थानका वनजङ्गलमा डढेलो लागेको प्रदेश वन निर्देशनालयले जनाएको छ।

"मुस्ताङबाहेक प्रदेशका सबै जिल्लामा डढेलोका घटना भएका छन् । सबैभन्दा बढी कास्कीमा तीन सय ८२ हेक्टरमा डढेलो लागेको छ", निर्देशनालयका वन अधिकृत तिलकबहादुर थापाले भन्नुभयो । उहाँका अनुसार डढेलोबाट नवलपुरमा ८५ क्युफिट काठ क्षति भएको छ । म्याग्दीमा डढेलो निभाउने क्रममा एक जना घाइते भएका वन अधिकृत थापाले जानकारी दिनुभयो । कास्कीपछि सबैभन्दा बढी म्याग्दीमा तीन सय ५९ हेक्टर वन क्षेत्रमा डढेलोबाट प्रभावित बनेको छ । स्याङ्जामा दुई सय ८८, पर्वतमा ५०, बागलुङमा ४२, गोरखामा ३४, लमजुङमा २१, नवलपुरमा ३०, तनहुँमा सात र मनाङमा करिब दुई हेक्टरमा डढेलो लागेको निर्देशनालयले जनाएको छ । सबैभन्दा बढी म्याग्दीका ४६ स्थानमा डढेलो लागेको वन अधिकृत थापाले जानकारी दिनुभयो । उहाँका अनुसार कास्कीका २३, स्याङ्जाका ३२, लमजुङका १६, गोरखाका ११, बागलुङका आठ, नवलपुरका पाँच, पर्वतका तीन, तनहुँका दुई र मनाङको एक गरी एक सय ४७ स्थानमा डढेलो लागेको हो। वन अधिकृत थापाले बढीजसो मानवीय कारणले नै डढेलोका घटना हुने गरेको बताउनुभयो। "बर्सेनी डढेलोका कारण वन क्षेत्रमा ठूलो नोक्सानी हुने गरेको छ। डढेलोले वन्यजन्तु र पन्छी मर्ने तथा उनीहरूको बासस्थान नष्ट हुन्छ", उहाँले भन्नुभयो, "डढेलोले पर्यावरणीय स्वच्छतामा पनि नकारात्मक असर पुऱ्याइरहेको हुन्छ ।" थापाका अनुसार नेपालमा मुख्य गरी फागुन र चैतमा डढेलोका घटना हुने गरेका छन् । हिउँदे वर्षा नहुनु, हावाहुरीको याम, भिरालो भू-बनोटजस्ता कारणले पनि डढेलो छिटो फैलने गरेको उहाँले बताउनुभयो। वन व्यवस्थापनलाई चुस्त बनाउनसके डढेलोका घटना नियन्त्रण गर्न सकिने उहाँको भनाइ छ । "समयमै घाँसदाउरा, स्याउला, सोत्तर वनबाट निकाल्न सके डढेलो लाग्न पाउँदैन।

डढेलो नियन्त्रणका लागि तीनै तहका सरकारले प्रभावकारी उपाय अवलम्बन गर्न जरुरी छ", वन अधिकृत थापाले भन्नुभयो, "समुदायस्तरमा डढेलोसम्बन्धी सचेतना जगाउनुपर्छ ।" डढेलो नियन्त्रणका लागि जिल्ला र स्थानीय तहमा रहेका डिभिजन वन र सबडिभिजन वन कार्यालयअन्तर्गत डढेलो नियन्त्रण सञ्जाल क्रियाशील रहेको उहाँले जानकारी दिनुभयो।

वन कार्यालयहरूले सुरक्षा निकाय, स्वयंसेवक र स्थानीय जनसमुदायसँग मिलेर डढेलो नियन्त्रणका काम गर्दै आएको निर्देशनालयले जनाएको छ । लम्बिँदो सुक्खायामका कारण यो हिउँदमा डढेलोका घटना अझै बढ्नसक्ने जोखिम रहेको वन अधिकृत थापाले बताउनुभयो । डढेलोले सामुदायिक र राष्ट्रिय वन क्षेत्रका बोटबिरुवा र बुट्यान सखाप पार्ने गरेको उहाँको भनाइ छ। वन अधिकृत थापाले विद्यालय तहदेखि नै डढेलो नियन्त्रण र वन संरक्षण सीपबारे बालबालिकालाई पढाउनुपर्ने बताउनुभयो।डढेलोलगाउनेव्यक्तिलाई बिगोअनुसारको जरिवानासहित तीन वर्षसम्मको कैद हुनसक्ने कानुनी व्यवस्था रहेको उहाँले जानकारी दिनुभयो । उक्त कानुनी व्यवस्थालाई प्रभावकारी कार्यान्वयन गर्नुपर्ने उहाँको भनाइ छ।



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# माछापुच्छ्रेको सहकारी शिक्षा तालिम

**पोखरापत्र संवाददाता**
पोखरा, ९ चैत

माछापुच्छ्रे बचत तथा ऋण सहकारी संस्था लि ले सहकारीका संचालक तथा कर्मचारीलाई शुक्रबार सहकारी शिक्षा तालिम दिएको छ।

सहकारीको शिक्षा उपसमितिले आयोजना गरेको कार्यक्रममा सहकारीको सिद्धान्त, मुल्य मान्यता, संचालकको भुमिका बैठक, साधारणसभा, बचत र ऋण लगानी, कानुनी व्यवस्था बारेमा जानकारी गराइएको थियो। कार्यक्रम कास्की बचत तथा ऋण सहकारी संघका पुर्व अध्यक्ष सुदीप ढकालले सहजीकरण गरेका थिए। सहकारीको अबस्था र कर्मचारीले पालना गर्नुपर्ने आचारसंहिता बारे माछापुच्छ्रे बचत तथा ऋण सहकारी संस्थाका प्रबन्ध निर्देशक



रविरमण तिवारीले जानकारी गराएका थिए। माछापुच्छ्रे बचत तथा ऋण सहकारी संस्थाक संचालक समितिका अध्यक्ष पुष्पराज पराजुलीको अध्यक्षतामा भएको कार्यक्रम संस्थाका संरक्षक एवं पुर्व अध्यक्ष हेडम्ब राज पराजुलीको प्रमुख आतिथ्यमा भएको थियो। कार्यक्रममा संस्थाका निवर्तमान अध्यक्ष डाक्टर वीर बहादुर कार्की, पूर्व अध्यक्ष कुसुम केशव पराजुली, सल्लाहकार सुशील राज पराजुली, उपाध्यक्ष वर्षा केशव पराजुली, सचिव तोयनाथ लामिछाने र कोषाध्यक्ष प्रकाश पौडेलले आफ्नो विचार राखेका थिए। पोखरा -१६ ढिकी डाँडामा भएको कार्यक्रममा सहकारीमा आउनसक्ने समस्या समाधानमा खेल्नुपर्ने भुमिका बारेमा ऋणी र बचतकर्तालाई पनि प्रशिक्षण दिइने भएको छ।

# अनौपचारिक क्षेत्रका श्रमिकलाई वित्तीय साक्षरता कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, ९ चैत

नेपाल बित्तिय संस्था कर्मचारी संघ (फियुन) जिल्ला समिति कास्कीको आयोजना अनौपचारिक क्षेत्रका श्रमिकलाई वित्तिय साक्षरता कार्यक्रम शुक्रबार सम्पन्न भयो।

कार्यक्रमका प्रमुख अतिथि नेपाल राष्ट्र बैंक पोखरा शाखाका निर्देशक आर्या जोशीले कार्यक्रमको उद्घाटन गर्दै प्रशिक्षणले श्रमिकहरुको दैनिक जिवनमा केहि न केहि योगदान दिने वताउँदै दिन प्रतिदिन आर्थिक कारोबारमा सर्तकता हुन सिकाउने विश्वास गरेकी थिइन्।



प्रशिक्षक तथा अध्यक्ष याम बहादुर रानाभाटले अनौपचारिक क्षेत्रका श्रमिकहरुलाई लक्षित यस प्रकारका कार्यक्रम निरन्तर गर्ने प्रतिवद्धता व्यक्त गर्दै बैकिङ क्षेत्रमा देखा परेका समस्याको वारेमा प्रशिक्षण दिएका थिए। साथै उहाँले आजको युगमा ट्रेड युनियनले श्रमिकको क्षमता अभिवृद्धि, उद्यमशिलता विकास, तथा सुरक्षित तरिकाले काम गर्न विभिन्न तालिम तथ सेमिनार आयेजना गर्नुपर्ने विषयमा ध्यनकेन्द्रित गर्नुभयो। कार्यक्रमको बारेमा प्रकाश पार्दै केन्द्रिय सदस्य कृष्ण प्रसाद बास्तोलाले स्वागत मन्तब्व दिएका थिए। निर्माण श्रमिक संघका प्रतिनिधि राजेश बुढा मगर अनौपचारिक क्षेत्रमा काम गर्ने मजदुरलाई बैकिङ कसुर सम्बन्धि नबुझेको कारण धेरै दुख पाएको वताएका थिए। त्यसै गरी ओम प्रकाश पोखरेलले बैङ्किङ सम्बन्धि प्रशिक्षण र रबिचन्द्र पौडेलले जाली नोट पहिचान सम्बन्धि प्रशिक्षण दिएका थिए। प्राइम बैंक कर्मचारी संघका केन्द्रिय सदस्य किसन गिरीले कार्यक्रम संचालन गरेका थिए।

# पश्चिमाञ्चल क्षेत्रीय अस्पतालका चिकित्सकबाट मिर्गौलाको सफल प्रत्यारोपण

**पोखरापत्र संवाददाता**
पोखरा, ९ चैत

पोखराको पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा मिर्गौलाको प्रत्यारोपण सफलतापूर्वक सम्पन्न भएको छ। अस्पतालले आफ्नै जनशक्तिबाट बिहीबार सफल प्रत्यारोपण गरिएको हो।

तनहुँको व्यास नगरपालिका-१० की ३५ वर्षीया सम्झना गुरुङको सफल प्रत्यारोपण गरिएको हो। उहाँलाई लमजुङ सुन्दरबजार नगरपालिका बस्ने बहिनी सुमिना गुरुङले मिर्गौला दान दिनुभएको थियो।

पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गतको सो अस्पतालमा प्रत्यारोपण सेवा सुरु भएको २० महिनापछि पहिलोपटक आफ्नै जनशक्तिबाट प्रत्यारोपण गरिएको हो। यसअघि २०७९ असारमा पहिलोपटक सहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रका चिकित्सक तथा स्वास्थ्यकर्मीको टोलीले मिर्गौला प्रत्यारोपण गरेको थियो। पोखरामा प्रत्यारोपणकालागि केन्द्रले सहयोग गर्दै आएकामा पछिल्लो पटक अरुको सहयोग बिनानै यहीँकै चिकित्सकको टोलीले सो कार्य सफलतापूर्वक सम्पन्न गरेका हुन्।

बिहीबार अस्पतालका युरो सर्जनद्धय डा प्रकाश क्षेत्री र डा अनुप चापागाई, नेफ्रोलोष्टि डा जुजुराम श्रेष्ठ र डा अमृत केसी, जनरल सर्जन डा डेभिड श्रेष्ठको टोलीले प्रत्यारोपण गरेको अस्पतालका सूचना अधिकारी सुमन भट्टराईले जानकारी दिनुभयो। पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा आठ वटा प्रत्यारोपणमा प्रत्यारोपण केन्द्रका चिकित्सकबाट गरिएकामा हिजो नवौं प्रत्यारोपण पहिलो पटक प्रतिष्ठानका आफ्नै चिकित्सक र स्वास्थ्यकर्मीबाट गरिएको प्रतिष्ठानका निर्देशक डा भरतबहादुर खत्रीले बताउनुभयो। अस्पतालकै जनशक्तिबाट सो कार्य सम्भव भएपछि प्रत्यारोपणका लागि पालो कुर्नुपर्ने अवस्था पनि कम हुँदै जाने उहाँले बताउनुभयो।

पश्चिमाञ्चल क्षेत्रीय अस्पताल मिर्गौला प्रत्यारोपण गर्दा बिरामीले रु चार लाख सम्म सहुलियत पाउने गरेका छन्। विपन्न नागरिकको औषधोपचार कार्यक्रमअन्तर्गत अस्पताल सूचीकृत भएसँगै यहाँ प्रत्यारोपण गर्नेले सो सहयोग पाउने जनाइएको छ।

# लोकतन्त्रवादी आदिवासी जनजाति महासंघको गण्डकी अधिवेशनको तयारी पुरा

**पोखरापत्र संवाददाता**
पोखरा, ९ चैत

नेपाली कांग्रेस निकट भातृ संस्था नेपाल लोकतन्त्रवादी आदिवासी जनजाति महासंघ गण्डकी प्रदेशको अधिवेशन शनिबार पोखरामा हुदैछ।

प्रदेशको नेतृत्व चयनका लागि हुने अधिवेशन पोखरा सभागृहमा हुने शुक्रबार पोखरामा पत्रकार सम्मेलन गरी जानकारी दिएको हो। अधिवेशनको सम्पूर्ण तयारी पुरा भएको अधिवेशन संयोजक तथा महासंघकी केन्द्रीय सदस्य रेनुका काउचाले जानकारी दिइन्। अधिवेशनको उद्घाटन नेपाली कांग्रेसका उपसभापति पूर्णबहादुर खड्काले गर्ने उनले बताइन्। सामाजिक, आर्थिक, राजनीतिक अधिकारको बहस पैरवी गर्दै न्याय र समानताका लागि स्थापित गर्न




महासंघको प्रथम गण्डकी प्रदेश अधिवेशन हुन लागेको उनको भनाइ थियो। अधिवेशनमा गण्डकीका ११ जिल्लाबाट जनजाती अर्न्तगत विभिन्न जातजातिको प्रतिनिधितित्व हुनेगरि ३ सय ७८ जना प्रतिनिधि सहभागी हुने उनले बताइन्।

अधिवेशन सम्पन्न गर्न काउचाको संयोजकत्वमा १०१ सदस्यीय मूल आयोजक समिति गठन गरिएको छ। जसअनुसार आर्थिक समितिमा सुनिल गुरुङ, आवास तथा खाना व्यवस्थापन समितिमा जीतबहादुर गुरुङ, अथिति सत्कारमा सिता गुरुङ, शान्ति सुरक्षा र समन्वय समितिमा नेपाली काँग्रेस गण्डकी प्रदेश सदस्य सिता गुरुङ र मञ्च ब्यबस्थापन समितिमा अजय गुरुङ र प्रचारप्रसार समितिमा राजबहादुर गुरुङ संयोजक रहेका छन्।

अधिवेशनपूर्व पोखराको चिप्लेढुंगाबाट सांस्कृतिक ऱ्याली निकालिने संयोजक काउचाले जानकारी दिइन्। ऱ्याली चिप्लेढुंगा न्युरोड हुँदै सभागृहमा पुगी उदघाटन समारोहमा परिणत हुनेछ। ऱ्यालीमा महासंघ अन्तर्गतका भातृ तथा शुभेच्छुक संस्थाका प्रतिनिधि साथै पार्टीका विभिन्न जिम्मेवार तहमा रहकाहरुको सहभागिता रहने उनले बताइन्।

महासंघले विभिन्न जिल्ला र नगर तथा गाउँपालिकामा तदर्थ समिति गठन गरि सम्बन्धित तहमा अधिबेशन समेत सम्पन्न गरेपछि अहिले प्रदेश अधिबेशन हुन लागेको हो। अधिवेशनले ३९ सदस्यीय नयाँ कार्यसमिति चयन गर्नेछ।

# एमाले ...

पोखरेल, दामोदर घिमिरे, बमबहादुर बिक, नवीन गिरी रहेका छन्। यस्तै प्रतिनिधि व्यवस्थापन संयोजकमा बैनबहादुर अधिकारी क्षेत्री र सदस्यहरुमा हिराकुमारी गिरी, आरपी शर्मा, विजया सुवेदी, सुरेन्द्र गुरूङ, चिरञ्जीवी पोखरेल, विष्णुबहादुर केसी, सन्तुदेवी सुवेदी, बैनबहादुर गुरूङ, राधिका शाही योगी, दानबहादुर बानियाँ रहेका छन् भने प्रचार प्रसार संयोजकमा दर्शन लामा र सदस्यहरुमा झपट रानाभाट, एकराज गिरी, दुर्गा भण्डारी, विवेक त्रिपाठी, संगीता सुवेदी, सुरेन्द्रमान सिंह भण्डारी, मेनुका श्रेष्ठ, श्रीराम पोखरेल, आर.एन. शर्मा, लालसिंह विश्वकर्मा (घताने), उषा बरुवाल, रामकृष्ण जिसी र जुमबहादुर परियार रहेका छन्।

यता जनपरिचालन तथा अनुगमन संयोजकमा नवराज ओझा र सदस्यहरुमा सुवर्ण श्रेष्ठ, दीपक घिमिरे, गणेश पाखिन, हरिबहादुर बराल, प्रकाश पौडेल, तीर्थराज अधिकारी, रणबहादुर थापा, केशवशरण पौडेल, मोहन सुवेदी, कमलबहादुर थापा, विष्णुमाया पौडेल, सन्तोष गुरूङ (उमरबहादुर), चुडामणिअधिकारी, कमला गुरूङ, सुशीला आचार्य, किसान सुनार, ईन्दिरा आचार्य, अमृता बाँस्तोला, पम्फा पहारी, शोभा पौडेल, दामोदर शर्मा रिमाल, दीननाथ सुवेदी, नारायणदत्त अधिकारी, सरीता कुमाल, लीलाबहादुर जिसी, प्रेम जलारी, रेशम नेपाली, पार्वती बाँस्तोला, मेनुका श्रेष्ठ, झलक बराल, रामु गुरूङ, तारा सेवा, तीलकुमारी थापा, शान्ति पाध्याय, आशा नेपाली रहेका छन् भने अतिथि सत्कार संयोजकमा हिराकुमारी गिरी र सदस्यहरुमा सन्तुदेवी सुवेदी, शोभा पहारी, गीतादेवी विश्वकर्मा, राधिका शाही योगी रहेका छन्। अधिवेशनको मञ्च व्यवस्थापन संयोजकमा आरपी खनाल, सदस्यहरुमा ओमप्रसाद गौचन, सुवर्ण श्रेष्ठ, सन्तुदेवी सुवेदी, दीपक घिमिरे, दिननाथ सुवेदी, परशुराम बराल, गोपी तुलाचन, रमेश रानाभाट, कुलबहादुर रानाभाट, शारदाकुमारी पराजुली, नन्दलाल अधिकारी, झलक बराल, ईमानराज पौडेल, सुवास ढुंगाना, लक्ष्मीप्रसाद सुवेदी रहेका छन् भने खाना खाजा व्यवस्थापन संयोजकमा चिरञ्जीवी पोखरेल र सदस्यहरुमा विष्णु केसी, दामु अधिकारी, परशुराम बराल, चुडामणि बराल, रणबहादुर थापा, बालाकृष्ण शर्मा, आशिर्वाद सुवेदी, नन्दलाल अधिकारी, हरि लम्साल, पसबहादुर बास्तोला, ईमानराज पौडेल, सुवास ढुंगाना रहेका छन्। यस्तै सांस्कृतिक व्यवस्थापन संयोजकमा सुरेन्द्र गुरूङ र सदस्यहरुमा केशवशरण पौडेल, राममाया विश्वकर्मा, अस्मिता परियार, यमबहादुर गुरूङ, किसन परियार रहेका छन् भने आवास व्यवस्थापन संयोजक कृष्णप्रसाद न्यौपाने र सदस्यहरु विष्णु केसी, उज्ज्वल खत्री तथा स्वास्थ्य व्यवस्थापन संयोजकमा छममाया पुन र सदस्यमा विष्णुप्रसाद भण्डारी, चिरञ्जीवी शर्मा, दिनेश खड्का, विनिता दाहाल रहेका छन्।

# पोखरामा होली महोत्सव, विदेशीसंग रंग लगाउदै मनाउने तयारी

**पोखरापत्र संवाददाता**
पोखरा, ९ चैत

पर्यटनको राजधानि पोखरामा यस बर्षको होली पर्व विदेशी पर्यटकहरुसंग एक आपसमा रंग लगाउदै मनाउने तयारी गरिएको छ।


रेष्टुरेण्ट एण्ड वार एशोसियसन नेपाल (रेवान) पोखराले विगत १७ वर्ष देखी आन्तरिक तथा वाह्य पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यका साथ मनाउदै आएको होली महोत्सव यस बर्ष पनि विदेशी पर्यटकहरुसंग एक आपसमा विभिन्न रंगहरु लगायर मनाउने तयारी गरिएको रेवान पोखराका अध्यक्ष नरेश बहादुर भट्टराइले बताउनु भयो। मिलनको पर्व, दुख भुल्ने, प्रेम, सद्भावका साथै पुराना शत्रुता भुली एक अर्कालाई थरि थरिको रंग लगाई मित्रता साटासाट गर्ने पर्वको रुपमा आफुहरुले हर्स र उल्लाहासका साथ यस पर्व मनाउने भएको अध्यक्ष भट्टराइले जनाउनु भयो। रंगै रंगको पर्वको अवसरमा यही चैत्र ११ गते आइतवार अनुशासित र मर्यादित बनाउन लाग्ने भएको रेवान पोखराका कोषाध्यक्ष राजेन्द्र ढकालले बताउनु भयो। आइतबार विहान १०:३० वजे अम्मट चौताराबाट आन्तरिक तथा वाह्य पर्यटकहरुलाई सहभागी गराई सामुहिक रुपमा होली खेल्ने र पञ्चे वाजा, संगितका साथमा होली खेल्दै गौरीघाट, वाराहीचोक हल्लनचोक हुदै खहरेचोक सम्म होली खेल्ने कार्यक्रम तय गरिएको उहाँले जनाउनु भयो।

सामुहिक रुपमा स्वदेशी तथा विदेशी पर्यटकहरुलाई सहभागि गराई नेपालको संस्कृति र पर्वको बारे जानकारी गराउँदै पर्यटन प्रवर्द्धनमा यसले थप सहयोग पुऱ्याउँनुका साथै एक आपसमा मित्रता र सद्भाव साटासाट गर्ने मुख्य उद्देश्य रहेको रेवानले जनाएको छ।


कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्युरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्वेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# चैते दसैँलाई सजाइँदै कालिका मन्दिर

**रासस**
बागलुङ, ९ चैत



ऐतिहासिक चैत्राष्टमी मेलाका लागि बागलुङ कालिका मन्दिरलाई सौन्दर्यकरण गर्न थालिएको छ । यही चैत ३० गतेदेखि आयोजना गरिने तीन सय वर्ष पुरानो मन्दिरमा चैते दसैँलाई लक्षित गरी पदमार्गमा विद्युतीय बत्ती तथा रङ्गीचङ्गीका बत्ती जोड्न थालिएको छ।

कालिका भगवती गुठी व्यवस्थापन समितिले रु २५ लाख खर्चेर घना जङ्गलको बीचमा रहेको पदमार्गलाई झिलीमिली बत्ती जोड्नका लागि भूमिगतरूपमा विद्युतीकरण गरेको छ। करिब २१ विद्युत्का खम्बामा बत्ती राख्ने तथा रुखमा विद्युत्का बत्ती जोड्ने कार्य भइरहेको छ । सामान्य उज्यालोका लाइट जोडिएको भए पनि जङ्गलमा हावाहुरी लाग्दा विद्युत् अवरुद्ध हुने भएकाले चैते दसैँदेखि सुरुवात गर्नेगरी भूमिगतरूपमा विद्युतीकरण गरिएको बागलुङ कालिका भवगती गुठी व्यवस्थापन समितिका अध्यक्ष कुमार खड्काले जानकारी दिनुभयो । "चैते दसैँ यहाँको ऐतिहासिक मेला हो, चैते दसैँका अवसरमा कालिका मन्दिरमा सर्वाधिक भक्तजन आउने गर्दछन्, भक्तजनको आगमनलाई दृष्टिगत गर्दै अत्याधुनिक सिसी क्यामेरा जडान गर्ने, भक्तजनको सङ्ख्या गणना गर्ने क्यामेरा जडान गर्ने कार्य सकिएको छ, अहिले कालिका मन्दिर प्रवेशद्वारदेखि कालिका मन्दिरसम्मको एक किमी पदमार्गमा विद्युतीकरण गर्न थालेका छौँ, सामान्य उज्यालो मात्रै नभएर अत्याधुनिक विभिन्न रङका बत्तीले रातको समयमा समेत पर्यटकहरूलाई थप आकर्षित गर्ने लक्ष्य लिइएको छ।"

कालिका मन्दिर परिसरका रुखमा लिपपोतस गरिएको उहाँको भनाइ छ। कालिका मन्दिरमा आउने भक्तजनको भीडलाई दृष्टिगत गर्दै सिसी क्यामेरा जडान भइसकेको छ । चैत दसैँका अवसरमा बागलुङमा आयोजना गरिने चैते दसैँ मेलाले स्थानीय सामग्रीको व्यापारमा ठूलो राहत दिँदै आएको छ। चैत ३० गतेदेखि वैशाख ६ गतेसम्म कालिका मन्दिर परिसरमा चल्ने चैते दसैँ मेलामा सर्वाधिक पुरस्कार राशिको कालिका कप, राष्ट्रिय लोक दाहोरी गीत प्रतियोगितालगायत रमाइलो मेला आयोजना गर्न थालिएको छ। गण्डकी प्रदेशको उत्कृष्ट धार्मिकस्थलका रूपमा रहेको कालिका मन्दिरमा यस पटक चैत्राष्टमी मेला एक हप्तासम्म मनाउन थालिएको र त्यसका लागि स्वरुप पदमार्गमा विद्युतीकरणको कार्य गर्न थालिएको हो।

'गन्तव्य बागलुङ कालिका : कला र संस्कृतिको प्रवर्द्धन- स्थानीय उत्पादन, व्यापार र पर्यटन प्रवर्द्धन' भन्ने मूल नाराका साथ चैते दसैँ मेलाका लागि विभिन्न उपसमिति गठन गरिएको छ । मेलाका अवसरमा कालिका कप खुला भलिबल प्रतियोगिता, विद्यालयस्तरीय नृत्य प्रतियोगिता, राष्ट्रियलोकदोहोरीगीतप्रतियोगिता, छेलो प्रतियोगिता, रथ यात्रा, रमाइलो मेला, बाल उद्यानलगायत कार्यक्रम समावेश गरिएको छ । बागलुङ सदरमुकाममा तीन सय वर्षदेखि चल्दै आएको चैते दसैँ मेलामा बर्सेनि पाँच लाख धार्मिक पर्यटक भित्रिँदै आएका छन् । चैते दसैँका अवसरमा बोका, हाँस, कुखुरा, राँगो सयौँको सङ्ख्यामा बलि दिने चलन छ। ऐतिहासिक रूपमा हुँदै आएको चैते दसैँ मेलामा विगतभन्दा यस वर्ष धेरै धार्मिक पर्यटक भित्र्याउने लक्ष्य राखिएको अध्यक्ष खड्काले बताउनुभयो । ऐतिहासिक चैते दसैँ मेला भव्यरूपमा सफल बनाउन बागलुङ कालिका गुठी व्यवस्थापन समितिका अध्यक्ष कुमार खड्काको संयोजकत्वमा विभिन्न उपसमिति गठन गरिएको छ। मेला सफल बनाउन गुठीका सचिव अर्जुन खड्कालाई भलिबल संयोजक, उपाध्यक्ष निशान खड्कालाई नृत्य प्रतियोगिता संयोजक, कोषाध्यक्ष रामबहादुर खड्कालाई आर्थिक स्टल र स्वयंसेवक संयोजक, विद्या खड्का तथा गीता खड्कालाई अतिथि सत्कार संयोजक, ध्रुव खड्कालाई स्टल र स्वयंसेवक संयोजक, राजेन्द्र शाक्यलाई रथ यात्रा संयोजक, राजीन खड्कालाई रमाइलो मेला संयोजक, डम्बर खड्का र डम्बर थापा मन्दिर पूजा संयोजक, प्रेस सल्लाहकार राजेशचन्द्र राजभण्डारीलाई प्रचारप्रसार संयोजक तथा कानुनी सल्लाहकार संयोजकमा राम शर्मालाई जिम्मेवारी दिइएको छ । राष्ट्रिय लोक दोहोरी प्रतियोगितामा प्रथम हुने टोलीलाई नगद रु दुई लाख पुरस्कार र दोस्रो हुने टोलीलाई नगद रु एक लाख र तेस्रो हुनेलाइ रु ५० हजार तथा उत्कृष्ट स्वर हुने महिला र पुरुष तथा उत्कृष्ट वेशभूषा महिला र पुरुषलाई रु पाँच हजार पुरस्कार प्रदान गरिने कालिका गुठीका प्रेस सल्लाहकार राजेशचन्द्र राजभण्डारीले बताउनुभयो । यसैगरी, सर्वाधिक राशिको कालिका कप खुल्ला राष्ट्रिय भलिबल प्रतियोगितामा प्रथम हुने टोलीलाई रु तीन लाख, दोस्रो हुने टोलीलाई रु एक लाख ५० हजार र तेस्रो हुने टोलीलाई रु एक लाख, सर्वोकृष्ट खेलाडी र अनुशासित खेलाडीलाई रु पाँच हजार पुरस्कार प्रदान गरिने छ । अन्तर माविस्तरीय कक्षा १० सम्मका सामूहिक नृत्य प्रतियोगितामा प्रथम हुने विद्यालयलाई रु २० हजार, द्वितीय हुनेलाई रु १० हजार र तृतीय हुने लाई रु पाँच हजार तथा सान्त्वना पुरस्कार रु दुई हजार पाँच सय रहेको छ। यसैगरी, छेलो प्रतियोगितामा प्रथम हुनेलाई रु ११ हजार एक सय ११ र द्वितीय हुनेलाई रु पाँच हजार पाँच सय ५५ पुरस्कार प्रदान गरिने भएको छ।

# फिफा विश्वकप छनोट : नेपाल बहराइनसँग पराजित

**रासस**
काठमाडौं, ९ चैत

बहराइनमा भएको फिफा ' विश्वकप २०२६' छनोट र ' एएफसी एशियन कप २०२७' को संयुक्त छनोटअन्तर्गत दोस्रो चरणको खेलमा नेपाल बहराइनसँग फराकिलो गोल अन्तरले पराजित भएको छ।

बहराइनको रिफास्थित बहराइन राष्ट्रिय फुटबल मैदानमा आज बिहान भएको खेलमा बहराइनसँग नेपाल ५-० गोल अन्तरले पराजित भएको हो। यो जितसँगै बहराइनले प्रतियोगितामा दोस्रो जित दर्ता गराएको छ । बहराइन ६ अङ्कका साथ दोस्रो स्थानमा छ। यस हारसँगै नेपालले प्रतियोगितामा तेस्रो हार बेहोरेको छ। समूह 'एच' मा रहेको नेपाल पहिलो खेलमा युएईसँग ४-० र यमनसँग २-० ले पराजित भएको थियो। नेपाल अङ्क विहीन छ। बहराइनको जितमा माहदी अल हुमाइदान, सायद बाकर, अली मादन, इब्राहिम अल खातल र इस्मील अब्दुलातिजले समान एक एक गोल गरे।

खेलको दोस्रो मिनेटमै माहदी अल हुमाइदानले बहराइनका लागि पहिलो गोल गरे । त्यस्तै खेलको नवौँ मिनेटमा सायद बाकरले गोल गर्दै बहराइनको अग्रता दोब्बर बनाए । खेलको पहिलो हाफको अतिरिक्त समयमा अली मादनको हेडर गोल गरे। यससँगै बहराइनले खेलको पहिलो हाफमा नै तीन गोलको अग्रता बनाएको थियो।

त य स प छि खेलको ८७औँ मिनेटमा इब्राहिमले गोल गरे । खेलको दोस्रो हाफको अतिरिक्त समयमा पाएको पेनाल्टीलाई सदुपयोग गर्दै इस्मीलले बहराइनका लागि पाँचौँ गोल गरे। बहराइनका खेलाडीलाई नेपालका लाकेन लिम्बूले बक्सभित्र लडाएपछि अस्ट्रेलियन रेफ्री एलेक्जान्डर किङले बहराइनलाई पेनाल्टी दिएको थियो।

समूह 'एच' मा नेपालसहित बहराइन, यमन र संयुक्त अरब इमिरेट्स (युएई) छन् । युएई तीन खेलमा तीन जितसहित ९ अङ्कका साथ पहिलो स्थानमा छ। त्यस्तै यमन तीन खेलमा एक जितसहित तीन अङ्कका साथ तेस्रो स्थानमा छ।

# नौ महिनामा ११३ घरेलु उद्योग बन्द

**रासस**
गोरखा, ९ चैत

विगत नौ महिनाको अवधिमा गोरखा जिल्ला भित्र सञ्चालित साना तथा घरेलु उद्योग बन्द हुने क्रम बढदै गएको छ । कोरोना महामारीपछि खुलेका ती उद्योग नाफा कमाउन नसकेपछि बन्द हुन्।

घरेलु उद्योग कार्यालय गोरखाका प्रमुख सूर्य भुजेलका अनुसार २०८० साउनदेखि फागुन मसान्तसम्म एक सय १३ साना तथा घरेलु उद्योग बन्द भएका छन्। बन्द भएका मध्ये बाणिज्यतर्फका ७३ र उद्योगतर्फ पर्यटनमुलक, सेवामुलक र उत्पादनमुलक क्षेत्रका ६० उद्योग रहेका छन् । "उद्योग बन्द गरेर वैदेशिक रोजगारीमा जाने क्रम बढेको पाइएको छ", उहाँले भन्नुभयो- "व्यापार घाटामा जानुका साथै पूँजी चलायमान नहुँदा उद्योग बन्द हुन थालेका हुन्।" अधिकांश युवा स्वदेशमा राम्रो कमाइ भएन भनेर विदेशिने गरेका छन्। युवा विदेश पलायन हुँदा स्थानीय उद्योगमा काम गर्ने जनशक्ति अभाव हुने गरेको छ। कार्यालय प्रमुख भुजेल साना उद्योग बन्द हुनुमा आन्तरिक बसाइँसराइ पनि प्रमुख कारण भएको बताउनुहुन्छ। कोरोना सङ्क्रमणले थलिएको अर्थ व्यवस्था उकास्न बैंक तथा बित्तय संस्था र लगानीकर्ताबाट सहज ऋण लगानीको वातावरण नहुँदा पनि साना तथा घरेलु उद्योग बन्द हुने क्रम बढेको उहाँको भनाइ छ। " पूँजी भएका पनि घाटा हुने डरले लगानी गर्न चाहँदैनन", प्रमुख भुजेलले भन्नुभयो- "एकातिर दोहोरो कर प्रणाली अनि अर्कोतर्फ व्यापार व्यवसाय गर्न कोहीले पनि ऋण लगानी गर्न नचाहेपछि उद्योगीले उद्योग बन्द गर्न थालेका हुन् ।" साना लगानीका उद्योग सञ्चालन गर्दा उद्योगीले स्थानीय तहमा पनि दर्ता गर्नुपर्ने र कर तिर्नैपर्ने बाध्यता भएको उहाँले बताउनुभयो। "यसले लगानीकर्तालाई निरुत्साहित बनाएको छ", उहाँले भन्नुभयो । चालु आर्थिक वर्ष २०८०/८१ को फागुन मसान्तसम्ममा कार्यालयमा सात हजार दुई सय साना उद्योग दर्ता भएका छन्।

दर्ता भएकामा पाँच हजार आठ सय ९३ वाणिज्य तर्फका साना उद्योग रहेका कार्यालयका सूचना अधिकारी सम्सुद्धिन मियाँले जानकारी दिनुभयो । कार्यालयले जिल्ला भित्र रु १५ करोडसम्म लगानी गरेका उद्योगलाई दर्ता गर्दै आएको छ।

# भूमेलाई खुसी बनाउने अनौठो संस्कृतिको जगेर्ना

**पोखरापत्र संवाददाता**
बेनी, ९ चैत

जम्मा भएका सबैको अनुहारमा कालोमोसो दलिएको छ। यो मोसो कुनै कारबाही वा दण्ड पाएर दलिएको नभएर उत्सवमा दलिएको हो। म्याग्दीको रघुगङ्गा गाउँपालिका-७ चिमखोलामा मङ्गलबार स्थानीयले सयौँ वर्ष पुरानो संस्कृतिलाई निरन्तरता दिएर मौलिक रुपमा भूमे पूजा गरेका छन्।

भूमे देवतालाई खुसी बनाउन यहाँ भूमे पूजामा मोसो, छ्याङका छोक्रा एक आपसमा दलेर नाचगान गर्ने प्रचलन रहेको छ । चिमखोलाको सेवाङमा रहेको भूमेथानमा स्थानीयवासी, देश विदेशबाट आएका चिमखोलावासीसँगै छिमेकी गाउँबाट पुगेका मगर समुदायले भूमे पूजा गरेका हुन् । चैत महिनाको उजेली मङ्गलबारका दिन जिल्लाको विभिन्न ठाउँका मगर समुदायले भूमे पूजा गरेपनि चिमखोलाको भूमे पूजाको संस्कार र संस्कृति अन्य ठाउँको भन्दा पृथक रहेको स्थानीय गम पुनले बताउनुभयो। उहाँका अनुसार यहाँ भूमे थानमा पूजा गरेपछि मोसो दलेर बाजागाजासँगै नाचगान गर्दै खुसीयाली मनाउने चलन छ । "खेतीकिसानी गर्ने पुर्ख्यौली पेसा बोकेका मगर समुदायले भूमि देवतालाई खुसी बनाउन भूमे पूजा गर्दछन्", पुनले भन्नुभयो, "भूमेलाई साँडको बलि दिएर पूजा गरेपछि छेमाहरु र पूजारीले राखेको जाँड चढाउने गरिन्छ । त्यसपछि जाँडको छ्याङ खाने र एकआपसमा मोसो लगाएर नाचगानसहित रमाइलो गर्ने प्रचलन छ।" वनजङ्गल छेउछाउ बसोबास गर्ने भएकाले प्रकृतिलाई खुसी बनाएर कुनै प्राकृतिक प्रकोप र विपद् नहोस्, खेतीबाली राम्रो होस् भन्ने कामनाले भूमे पूजा गर्ने प्रचलन रहेको उहाँको भनाइ छ । उहाँका अनुसार भूमे थानमा पुन जातिलाई पूजारीको रुपमा राख्ने गरिन्छ। पूजारीले पूजाको तीन दिन अघि नै सागरे छहरा थानमा पूजा गर्ने र सोही दिन बनाउने छ्याङलाई भूमे पूजामा मुख्य प्रसादको रुपमा ग्रहण गर्ने प्रचलन रहेको स्थानीय चिनिमायाँ पुनले बताउनुभयो । गाउँभेलाबाट भूमे पूजाका लागि एक महिनाअघि नै छ्याङ बनाउने जाँड राख्न छेमा (महिला) छनोट गरेपछि उनीहरूले विभिन्न टोलमा छुट्टाछुट्टै समूह बनाएर प्रत्येक घरबाट कोदो, चामल र नगद सङ्कलन गरी कोदोको छ्याङ बनाउन जाँड राख्ने चलन रहेको उहाँको भनाइ छ। छेमाहरुले एक महिनाअघि राखेको जाँडलाई भूमेथानमा विधिपूर्वक चढाएर खाने, सोही छ्याङ र खाना पकाउँदा अँगेनामा आउने अङ्गार एकअर्कालाई दलेर नाचगान गर्ने गरिएको चिनिमायाँले बताउनुभयो । "छेमाहरुलाई हरेक टोलका घरधुरीबाट कोदो, चामल र नगदसमेत दिने गरिन्छ", उहाँले भन्नुभयो, "हरेक टोलका छेमाहरुको टोलीले भूमे थान परिसरमा छुट्टाछुट्टै भान्सा चलाएर जाँडको छ्याङ छानेर खुवाउने गर्दछन् । बाजागाजा बजाएर नाचगान गरेर भूमे देवताको नाममा खुसीयाली मनाउने गरिन्छ।" भूमेथानमा मौलिक संस्कृतिअनुसार पूजा गरेपछि लोपोन्मुख अवस्थामा रहेको पूर्ख्यौली सेदो गीत गाउँदै थान परिसरमा भान्सा चलाएका सबै चुला फन्को मारेर चुला उठाउने गरिन्छ भने भूमेथानबाट गाउँ फर्कने क्रममा भैच मायाले (साइलो भाका) मा दोहोरी गाउँदै नाचगान गरिन्छ।

# बेनी-जोमसोम खण्डका पहिरो नियन्त्रणमा बजेट अभाव

**रासस**
म्याग्दी, ९ चैत

राष्ट्रिय गौरवको आयोजना कालीगण्डकी कोरिडोरअन्तर्गत बेनी-जोमसोम-कोरला सडकको म्याग्दी खण्डमा पहिरो नियन्त्रणका लागि बजेट अभाव भएको छ।

पहिरो नियन्त्रणका लागि दीर्घकालीन रूपमा काम गर्न नसक्दा बर्खामा नियमित यातायात सञ्चालन गर्न समस्या हुनाका साथै निर्माण भएका संरचनामा क्षति पुग्ने देखिएको हो । बेनी-जोमसोम-कोरला सडक आयोजनाका प्रमुख ध्रुव झाले म्याग्दीको राहुघाटबाट मुस्ताङको घाँसा खण्डमा १४ वटा पहिराले करिब पाँच किलोमिटर सडक जोखिममा रहेको जानकारी दिनुभयो । "बेनी-घाँसा खण्डको करिब ४० किलोमिटर सडकमा १४ वटा ठूलो पहिरो पहिचान भएका छन्", उहाँले भन्नुभयो "सडक निर्माण गर्दा पहिरो जाने सम्भावित क्षेत्रको अध्ययन नभएको र त्यहीअनुरुप विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) निर्माण नगरिएकाले नियन्त्रणका लागि बजेट थप गरेका छौँ।"

उक्त खण्डमा तत्काल पहिरो रोकथामका लागि रु ८० लाख बजेट आवश्यक भएको भन्दै आयोजनाका प्रमुख झाले बजेट माग गरेर भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयमार्फत अर्थ मन्त्रालयमा प्रस्ताव पठाइएको बताउनुभयो । हालसम्म बजेट विनियोजन नभएकाले निर्णयमा ढिलाइ भएको उहाँले गुनासो गर्नुभयो । बैंसरी खण्डका साथै अन्नपूर्ण गाउँपालिका-३ मा पर्ने रुप्से झरनाबाट काभ्रेभिर क्षेत्रमा करिब पाँच सय मिटर क्षेत्रमा माथिबाट पहिरो झर्ने र तलबाट सडक भासिने समस्या रहेको आयोजना कार्यालयले जनाएको छ । सोही वडाको खाम भित्ता, गुइँठेभिर, लाटाखोलामा पनि बर्सेनि निरन्तर माथिबाट पहिरो झर्ने गरेको आयोजना प्रमुख झाले बताउनुभयो । अन्नपूर्ण-२ मा पर्ने नागढुङ्गा, भुरुङभिर, वडा नं ६ मा पर्ने टिम्मुरेभिर क्षेत्रको साँघुरो भूगोल, कालीगण्डकी नदीलगायत स्थानमा बारम्बार खस्ने पहिराले सडक जोखिमपूर्ण बनाएको उहाँको भनाइ छ। रघुगङ्गा गाउँपालिका-१ बेगखोला, वडा नं २ मासखर्क, कुनौटो, रिठाबोट, वडा नं ३ मा पर्ने चमेरे र गलेश्वर पारी पहिरोको जोखिम छ । भूगर्भविद्ले गरेको अध्ययनअनुसार कमजोर भूगोल रहेका गलेश्वर, खामभित्तामा तल निर्मित सडकले बलियो संरक्षणका संरचना नबनाएको र माथिल्लो खण्डमा पनि संरक्षण बिना डोजर चलाएर सडक खनिएकाले पहिरो गएको देखाएको छ । सडक निर्माण सुरु गर्नुअघि सम्भावित पहिरो जाने स्थानको पहिचान र रोकथामका लागि कुनै अध्ययन नगरी निर्माण गरिँदा अहिले पहिराले जोखिम निम्त्याएको छ । पहिराले बर्सातका समयमा यातायात प्रभावित हुने गरेका छन्भने यात्रुले सास्ती भोग्दै आएका छन्।

बेनी-जोमसोम-कोरोला सडकको सर्वे, डिजाइन गर्दादेखि ठेक्का भई सडक निर्माण भइरहँदा कतै पनि पहिराको अवस्था अध्ययन गरिएको थिएन। कोरिडोरको म्याग्दी खण्डको सडकको अधिकांश भागमा पहिराको जोखिम छ । बेनीदेखि घाँससम्म बर्सेनि पहिराले दुःख दिने गरेको छभने सवारी दुर्घटना पनि निम्त्याएको छ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : ब्यापारमा लाभ |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : झमेला बड्ने |
| कर्कट | : आर्थिक समस्या | मकर | : कार्यमा सफलता |
| सिंह | : मानसिक तनाब | कुम्भ | : शुभ यात्रा |
| कन्या | : शारीरिक झमेला | मीन | : स्वास्थ्यमा सुधार |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. २२ शान्ति स्तुपामा स्तुपा वि.क. टोल मोटरबाटो निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः स्तुपा वि.क. टोल मोटर बाटो
ठेगानाः पोखरा-२२, शान्ति स्तुपा
योजना सम्झौता मितिः २०८०/९/१९ गते
योजना शुरु हुने मितिः २०८०/९/१९ गते
योजना सम्पन्न हुने मितिः २०८०/१२/३० गते
योजनाको कुल लागतः रु. ५,५८,२३८/३८
महानगरपालिकाबाटः रु. ५,००,०००/-
जनसहभागिताबाटः रु.५८,२३८/३८
अध्यक्षः कृष्ण बहादुर वि.क. सम्पर्क नं.: ९८४६१७५४५७
निर्माण समिति सदस्य संख्याः ९
महिलाः ३, पुरुषः ६

**स्तुपा वि. क. टोल मोटर बाटो निर्माण उपभोक्ता समिति**
**पोखरा-२२, शान्ती स्तुपा**

## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. १५ ठुली मजुवा खरबारी ओरालो बाटो सडक निर्माण गर्दा भएको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पादर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ।

**योजनाको नाम** : ठुली मजुवा द्वारे खरबारी ओरालो बाटो निर्माण
**उपभोक्ता समितिको नाम** : ठुली मजुवा द्वारे खरबारी ओरालो बाटो निर्माण उपभोक्ता समिति, पोखरा-१५, कास्की
**योजना सम्झौता मिति** : २०८०/०९/०४ गते
**काम सुरु मिति** : २०८०/११/१३ गते
**योजना सम्पन्न भएको मिति** : २०८०/११/२८ गते
**योजना सम्पन्न हुने मिति** : २०८१/१२/२५ गते
**महानगरपालिकाबाट** : रु. ५,००,०००/-
**जनसहभागिता** : रु १,५०,१२६/६१
**जम्मा लागत** : रु ६,५०,१२६/६१

**कुमारी गुरुङ**
अध्यक्ष
**ठुली मजुवा द्वारे खरबारी ओरालो बाटो निर्माण उपभोक्ता समिति, पोखरा-१५, कास्की**

# पश्चिमाञ्चल क्षेत्रीय अस्पतालका चिकित्सकबाट मिर्गौलाको सफल प्रत्यारोपण

**पोखरापत्र संवाददाता**
पोखरा, ९ चैत

पोखराको पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा मिर्गौलाको प्रत्यारोपण सफलतापूर्वक सम्पन्न भएको छ। अस्पतालले आफ्नै जनशक्तिबाट बिहीबार सफल प्रत्यारोपण गरिएको हो।

तनहुँको व्यास नगरपालिका-१० की ३५ वर्षीया सम्झना गुरुङको सफल प्रत्यारोपण गरिएको हो। उहाँलाई लमजुङ सुन्दरबजार नगरपालिका बस्ने बहिनी सुमिना गुरुङले मिर्गौला दान दिनुभएको थियो।

पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गतको सो अस्पतालमा प्रत्यारोपण सेवा सुरु भएको २० महिनापछि पहिलोपटक आफ्नै जनशक्तिबाट प्रत्यारोपण गरिएको हो। यसअघि २०७९ असारमा पहिलोपटक सहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रका चिकित्सक तथा स्वास्थ्यकर्मीको टोलीले मिर्गौला प्रत्यारोपण गरेको थियो।

पोखरामा प्रत्यारोपणका लागि केन्द्रले सहयोग गर्दै आएकामा पछिल्लो पटक अरुको सहयोग बिनानै यहीँकै चिकित्सकको टोलीले सो कार्य सफलतापूर्वक सम्पन्न गरेका हुन्। बिहीबार अस्पतालका युरो सर्जनद्धय डा प्रकाश क्षेत्री र डा अनुप चापागाई, नेफ्रोलोष्टि डा जुजुराम श्रेष्ठ र डा अमृत केसी, जनरल सर्जन डा डेभिड श्रेष्ठको टोलीले प्रत्यारोपण गरेको अस्पतालका सूचना अधिकारी सुमन भट्टराईले जानकारी दिनुभयो। पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा आठ वटा प्रत्यारोपणमा प्रत्यारोपण केन्द्रका चिकित्सकबाट गरिएकामा हिजो नवौं प्रत्यारोपण पहिलो पटक प्रतिष्ठानका आफ्नै चिकित्सक र स्वास्थ्यकर्मीबाट गरिएको प्रतिष्ठानका निर्देशक डा भरतबहादुर खत्रीले बताउनुभयो। अस्पतालकै जनशक्तिबाट सो कार्य सम्भव भएपछि प्रत्यारोपणका लागि पालो कुर्नुपर्ने अवस्था पनि कम हुँदै जाने उहाँले बताउनुभयो।

पश्चिमाञ्चल क्षेत्रीय अस्पताल मिर्गौला प्रत्यारोपण गर्दा बिरामीले रु चार लाख सम्म सहुलियत पाउने गरेका छन्। विपन्न नागरिकको औषधोपचार कार्यक्रमअन्तर्गत अस्पताल सूचीकृत भएसँगै यहाँ प्रत्यारोपण गर्नेले सो सहयोग पाउने जनाइएको छ।

# ग्लोबल आइएमई बैंकद्वारा पोखराको इन्फोम्याक्स कलेजमा वित्तीय साक्षरता कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, ९ चैत

ग्लोबल आइएई बैंक लिमिटेड सभागृह शाखाले ग्लोवल मनी विकको अवसरमा पोखराको इन्फोम्याक्स कलेजमा डिजिटल बैंकिङ्ग सम्बन्धी वित्तिय साक्षारता कार्यक्रम गरेको छ।

कार्यक्रममा डिजिटल बैंकिङ्गमा हुन सक्ने फडको बारेमा विद्यार्थीहरुलाई जानकारी दिएको शाखा प्रवन्धक भुवन वाग्ले बताए। उनले बैंकले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत वित्तीय साक्षरता दिएको बताए। बाहिर रहेका विभिन्न



लक्षित वर्गहरु ग्लोबल आइएमई बैंक देशका सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो। बैंकको ३५४ शाखा कार्यालय, ३७९ एटिएम, २७७ शाखा रहित बैंकिङ्ग सेवा, ६७ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालय समेत गरी १ हजार १ सय भन्दा बढि सेवा केन्द्र रहेका छन्।

ग्लोबल आइएमई बैंकलाई सबैका लागि बैंक बनाउँदै बैंकले विभिन्न सेवा तथा सुविधा सहितका योजना मार्फत आफ्ना ४६ लाख भन्दा बढी ग्राहकलाई उत्कृष्ट सेवा प्रदान गरी लावान्भित गरिरहेको छ।

त्यसैगरी बैंकले संयुक्त राज्य अमेरिका, क्यानडा, अष्ट्रेलिया, मलेसिया, दक्षिण कोरिया, जापान, साउदी अरेबिया, कतार, युएई, बहराइन, कुवेत, भारत, जोर्डन, हङकङ लगायतका मुलुकबाट रेमिट्यान्स भित्र्याउँदै देशको अर्थ व्यवस्थामा महत्वपूर्ण योगदान पुर्‍याउँदै आइरहेको छ।

# सर्वेश्वर मार्गका व्यवसाय अबदेखि शनिबार पनि खुल्ने

**पोखरापत्र संवाददाता**
पोखरा ९ चैत

पोखराको अति व्यस्त बजार मानिने सर्वेश्वर मार्गका व्यवसाय शनिबारपनि खुल्ने भएका छन्। चिप्लेढुंगादेखि गैह्रापाटनसम्म फैलिएको सर्वेश्वर मार्गका होलसेल व्यवसाय अबदेखि शनिबारपनि खुल्ने भएका हुन्। कोरोना महामारी, आर्थिक मन्दी, बैंक ब्याजदरलगायतका कारण व्यापारमा आएको मन्दीका कारण परेको असरलाई मध्यनजर गर्दै सर्वेश्वर व्यवसायी समितिले अबदेखि सातामा सातै दिन व्यवसाय खोल्ने निर्णय गरेको जनाएको छ।

शनिबार नखुल्दा पोखरा आसपाससँगै छिमेकी जिल्लाहरु स्याङ्जा, पर्वत, बागलुङ, तनहुँ, लमजुङ, म्याग्दी, मनाङ, मुस्ताङ, रुर्वी रुकुम र पश्चिम रुकुमलगायतका जिल्लाबाट सामान खरिद गर्न आउने थोक तथा खुद्रा सामानहरु खरिद गर्न आउने ग्राहकहरु मरमा परेकाले उनीहरुलाई सहज बनाउनपनि शनिबार व्यवसाय



खुल्ला गर्ने निर्णय गरिएको अध्यक्ष तुलबहादुर थापा (राजन)ले जानकारी दिए। व्यवसाय खुल्ला गर्ने निर्णय गरिएपनि बाध्यकारी नभएको उनको भनाई छ। हाम्रो आग्रह खोल्नूस् भन्ने हो,उनले भने,'यो स्वेच्छिक हो। यदि कसैले खोल्दिन भन्छ भने त्यो उसको अधिकार हो, नखोल्न सक्नुहुन्छ।' यसैबीच, समितिले नया वर्ष २०८० को अवसरमा क्यालेन्डर प्रकाशन गर्ने भएको छ। समितिले व्यवसायीक प्रवर्द्धन गर्ने उद्देश्यले समितिको वार्षिक कार्यतालिकालाईसमेत समेटेर क्यालेन्डर प्रकाशन गर्न लागेको समितिका बरिष्ठ उपाध्यक्ष तथा क्यालेन्डर प्रकाशन उपसमिति संयोजक छवीलाल गौतमले जानकारी दिए। क्यालेन्डर बजारमा आएपछि सो क्यालेन्डर लिएर समिति छिमेकी जिल्लाहरुमा पुगेर बजार प्रवर्द्धन गर्ने उनले बताए। क्यालेन्डर बजार प्रवर्द्धन गर्नका लागि कोशेढुंगा सावित हुनेछ,उनले भने,'आक्रामक मार्केटिङमार्फत सर्वेश्वर मार्गलाई हामी व्यापारको हब र ब्राण्ड बनाउनेछौं।'

समितिले नया वर्षको अवसरमा शुभकामना आदानप्रदान कार्यक्रमसमेत गर्ने भएको छ। चैतको अन्तिम साता वा बैशाखको पहिलो साता पारेर शुभकामना आदानप्रदान र क्यालेन्डर विमोचन एकसाथ गर्ने तयारी गरिएको समितिका महासचिव विशाल अधिकारीले जानकारी दिए।

समितिले नया वर्षको अवसरमा बालबालिका तथा प्रौढहरुका लागि स्पोर्ट्स मिटसमेत गर्ने तयारी गरेको छ। सर्वेश्वर व्यवसायी समितिमा आबद्ध व्यवसायी तथा तिनका छोराछोरीहरुलाई आपसमा घुलमिल गराउँदै भातृत्व भावनाको विकास गराउने उद्देश्यले स्पोर्ट्स मिट गर्न लागिएको अध्यक्ष थापाले जानकारी दिए। उनका अनुसार स्पोर्ट्स मिटमा छात्र/छात्राका लागि छुट्टाछुट्टै रिले दौड, एक सय मिटर दौड, प्रौढ तथा बालबालिका दुबैका लागि फुटसल, ब्याडमिन्टनलगायतका खेल खेलाईनेछ। सर्वेश्वर मार्गका होलसेल व्यवसायीले चीन, थाईल्याण्ड र भारतबाट सिधै सामान ल्याएर बेच्ने गरेका छन् भने स्वदेशी सामान उत्पादन हुने फ्याक्ट्रीमै पुगेर खरिद गर्नेगरेका छन्। जसका कारण गुणस्तरीय सामान सस्तोमा पाईने सर्वेश्वर मार्गका व्यवसायी बताउँछन्।

# बन्दीपुरमा भेटियो नयाँ गुफा

**पोखरापत्र संवाददाता**
तनहुँ, ९ चैत

पहाडकी रानी उपनामले परिचित बन्दीपुरमा नयाँ गुफा फेला परेको छ। बन्दीपुर गाउँपालिका-२ पौवा नजिक करिब २० मिटर लम्बाइ भएको सरपानी गुफा भेटिएको हो। बन्दीपुरमा चट्टान आरोहणको सम्भावित क्षेत्र खोजी गर्ने सिलसिलामा बिहीबार उक्त गुफा भेटिएको गाउँपालिका अध्यक्ष सुरेन्द्रबहादुर थापाले जानकारी दिनुभयो। उहाँका अनुसार खोजी कार्यमा साहसिक पर्यटन व्यवसायी चन्द्र आले, प्याराग्लाइडिङ पाइलट समन्वय प्रधान, पर्यटन व्यवसायी सुकराम तामाङसहितको टोली सहभागी थियो। नयाँ गुफा भेटिएपछि बन्दीपुरको पर्यटन क्षेत्रमा नयाँ आयाम थप्न सहयोग पुग्ने विश्वास लिइएको अध्यक्ष थापाले बताउनुभयो। उहाँका अनुसार बन्दीपुर बजारबाट करिब एक किलोमिटर दूरीमा उक्त स्थानमा पुग्न सकिन्छ। "कालोपत्र सडकबाट करिब दुई सय मिटर दूरी पैदलयात्रापश्चात् गुफामा पुग्न सकिन्छ", अध्यक्ष थापाले भन्नुभयो, "बन्दीपुर घुम्न आउने पर्यटकले गुफाको अवलोकन र चट्टान आरोहणसमेत गरी मनोरञ्जन लिन सक्नेछन्।" उक्त गुफा बाहिरको पहरा करिब तीन सय मिटर फराकिलो र ५० मिटर उचाइको रहेकाले चट्टान आरोहणका लागि प्रचुर सम्भावना देखिएको उहाँको भनाइ छ। मुख्यमन्त्री नवप्रवर्तन कार्यअन्तर्गत चट्टान आरोहण कार्यक्रम रहेकाले यसका लागि आवश्यक सामान खरिद गरी सञ्चालनमा ल्याउने तयारी भइरहेको जनाउँदै यसले यहाँको पर्यटन प्रवर्द्धनमा टेवा पुर्‍याउने गाउँपालिकाका अध्यक्ष थापाले बताउनुभयो। "करिब ३६ वर्ष बन्दीपुर बस्दा पनि यहाँ गुफा छ भन्ने थाहा थिएन। स्थानीय कसैले पनि भन्नुभएको थिएन", उहाँले भन्नुभयो, चट्टान आरोहणको सम्भावित क्षेत्र खोजी गर्ने क्रममा गुफा भेटिएको छ। यसको संरक्षण गरी पर्यटन प्रवर्द्धनका योजना बनाउँदै जानेछौं।" गाउँपालिकाले तत्काल यहाँ सङ्केत चिन्ह (बोर्ड) राखेर प्रचारप्रसार गर्नुका साथै गुफासम्म पुग्ने बाटो निर्माण गर्ने योजना बनाइसकेको अध्यक्ष थापाले जानकारी दिनुभयो। गुफाभित्र विभिन्न आकृतिमा कुदिएका ढुङ्गालगायत मनोरम दृश्य देख्न सकिन्छ। साथै करिब ४०/५० जना क्षमताको गुफाभित्र हलसमेत रहेको उहाँले बताउनुभयो।

बन्दीपुरको भञ्ज्याङ चौतारीबाट सिमलटारसम्म गरिने प्याराग्लाइडिङतर्फ पर्यटकको आकर्षण बढ्न थालेको छ। साहसिक खेलका रूपमा रहेको यस खेलका लागि ब्लुस्काइ कम्पनीले प्याराग्लाइडिङ सञ्चालन गर्दै आएको छ। पाँच वर्षदेखि यहाँ प्याराग्लाइडिङ सञ्चालन हुँदै आएको गाउँपालिकाका अध्यक्ष थापाले बताउनुभयो। उहाँका अनुसार प्याराग्लाइडिङका लागि फागुन, चैत र वैशाखको मौसम उत्तम मानिने भएकाले पर्यटकको चहलपहल बढ्न थालेको छ। उक्त स्थानबाट ३०/४० जनासम्म उड्न नसक्ने क्षमता रहेको अध्यक्ष थापाको भनाइ छ। प्याराग्लाइडिङका लागि गाउँपालिकालाई प्रतिव्यक्ति रू एक हजार राजस्व बुझाउनुपर्ने व्यवस्था रहेको उहाँले जानकारी दिनुभयो।

# गण्डकी प्रदेश टेबुल टेनिस संघको अध्यक्षमा जोशी

**पोखरापत्र संवाददाता**
पोखरा, ९ चैत

गण्डकी प्रदेश टेबुल टेनिस संघ तदर्थ समितिको अध्यक्षमा उत्तम जोशी चय भएका छन्।

प्रदेश खेलकुद विकास ऐन २०७७ र प्रदेश खेलकुद विकास नियमावली २०७८ अनुसार पोखरामा शुक्रबार सम्पन्न भेलाबाट जोशी अध्यक्षमा चयन भएका हुन्। सम्पन्न भेलाले संघको उपाध्यक्षमा भूपेन्द्रराज कोइराला (तनहुँ) र विशाल थापा (नवलपुर), सचिवमा अनुप श्रेष्ठ (स्याङजा) र कोषाध्यक्षमा ज्योती गुरुङ (कास्की) चयन भएका छन्।

त्यसै गरी कार्यसमिति सदस्यमा प्रकाश पौडेल (बागलुङ), शिवप्रसाद न्यौपाने (नवलपुर), क्षितिज गुरुङ (मनाङ), कविराज श्रेष्ठ (तनहुँ), सुरेश जिशी, निर्मल सोती, रशमायाँ तामाङ, गंगाराज पौडेल र भरतराज अधिकारी रहेका छन्। त्यसै गरी भेलाले केन्द्रिय प्रतिनिधिमा दिल बहादुर गुरुङलाई सर्वसम्मत चयन गरेको छ। उनी प्रदेश खेलकुदका कार्यकारी सदस्य



समेत् हुन्। यस अघि भेलाको उद्धाटन गर्दै प्रदेश खेलकुदका सदस्य सचिव श्रीधर शर्माले खेलकुद वहुआयमिक क्षेत्र भएको बताउँदै खेलकुद भित्र देखिएका विकृती र विसंगतीलाई समाप्त पार्नु आजको प्रमुख आवश्यक्ता रहेको औंल्याए। खेलकुद अनुशासनको पाठ सिकाउने क्षेत्र समेत भएको धारणा अघि सार्दै उनले खेल संघको नेतृत्व लिनेहरुले आफ्नो आचरणमा सुधार ल्याउनु पर्ने बताए।

प्रदेश खेलकुद परिषद खेलकुद विकासको अभियानमा अघि बढेको बताउँदै उनले यो साझा अभियानमा एक साथ अघि बढ्न आग्रह गर्दै संस्थागत सुशासन र पारदर्शिता आजको प्रमुख आवश्यक्ता रहेको समेत् औंल्याए।

यसै गरी लोकतन्त्रिक खेलकुद संघका अध्यक्ष देवेन्द्र शेरचनले गण्डकी प्रदेशको टेबुल टेनिस संघलाई गति दिन एक सक्षम नेतृत्व आएको बताउँदै सबै खेलहरुको समुचित विकास र खेलाडीहरुको हितका लागि सबैको ध्यान पुग्न आवश्यक रहेको बताए।

सो भेला प्रदेश खेलकुद परिषदका सदस्य एवं अग्रज खेलपत्रकार केशव पाठकको अध्यक्षतामा सम्पन्न भएको थियो।

# दुई महिनामा १२ हजारले गरे शालग्राम सङ्ग्रहालयको अवलोकन

**पोखरापत्र संवाददाता**
बागलुङ, ९ चैत

शिरमा पञ्चकोट, नजिकै पवित्र कालीगण्डकी र बागलुङ कालिका मन्दिर, बागलुङ बजार केही पर शालग्राम सङ्ग्रहालय छ। धार्मिक पर्यटकीय गन्तव्यका रूपमा विकास हुन थालेको शालग्राम सङ्ग्रहालय पछिल्लो समय नेपालीसँगै भारतीय पर्यटकको आकर्षणको केन्द्र बनेको छ।

बागलुङ नगरपालिका-४ कुँडुले फेदीमा सुरुङ निर्माण गरेर सवा लाख शालग्राम सङ्ग्रहित गरिएको छ। त्यसले धार्मिक पर्यटकलाई आकर्षित गरिरहेको छ। शालग्रामलाई हिन्दू धर्मावलम्बीले भगवान्‌का रूपमा पुज्ने गर्दछन्। सवा लाख शालग्रामसँगै रङ्गवेङ्कटेश्वर मुक्तिनारायण मन्दिरमा हिजोआज भक्तजनको भीड लाग्ने गर्छ। बागलुङ-म्याग्दी-मुस्ताङ सडक छेउमै रहेको शालग्राम सङ्ग्रहालयमा मुस्ताङको मुक्तिनाथ पुग्ने तीर्थालु पुग्न थालेका छन्। नजिकै रहेको पञ्चकोट र बागलुङ कालिकाले सङ्ग्रहालयलाई जोडेको छ। पञ्चकोट आउने अधिकांश पर्यटक सङ्ग्रहालयमा पुग्ने गर्छन्। सङ्ग्रहालयमा शालग्राम मात्रै राखिएको छैन। सुरुङभित्र कालीगण्डकीको शिर दामोदरकुण्डदेखि त्रिवेणीधामसम्मको आकृति एकै ठाउँमा बनाइएको छ। त्यसले धेरैलाई आकर्षित गरिरहेको छ। शालग्राम सङ्ग्रहालय वरपर बनेका मन्दिर र त्यहाँ बनेका अनेक प्रकारका आकृतिले धेरैलाई लोभ्याउने गरेको छ।

बागलुङ बजारदेखि करिब तीन किलोमिटर पश्चिममा रहेको सङ्ग्रहालय गाडीमा पाँच मिनेट र पैदल यात्रामा १५ मिनेट लाग्छ। यहाँ पछिल्लो समय घुम्ने संस्कृतिको विकास भएसँगै पर्यटकको चहलपहल निकै बढेको छ। पछिल्लो दुई महिनामा करिब १२ हजार भारतीय तथा नेपाली पर्यटकले शालग्राम सङ्ग्रहालयको अवलोकन गरेको शालग्राम सङ्ग्रहालयका संरक्षक ऋषि प्रपन्नाचार्यले बताउनुभयो। उहाँले गत फागुन ९ देखि २३ गतेसम्म पञ्चकोटमा अनन्त श्री ब्रह्माण्डीय महायज्ञ लागेको र यस अवसरमा धेरै भक्तजनले सङ्ग्रहालयको अवलोकन गरेको उहाँले जानकारी दिनुभयो। ऋषि प्रपन्नाचार्यका अनुसार यहाँ मन्दिर, सङ्ग्रहालयलगायत संरचना निर्माण गर्न रु १० करोड बढी लगानी भएको छ। चाडपर्व र बिदाको समयमा धेरै पर्यटक आउने गरेको उहाँले बताउनुभयो। पहिले मुक्तिनाथ जाने भारतीय पर्यटक निकै कम आउने गरेको सुनाउँदै अहिले दैनिक आउने गरेको ऋषि प्रपन्नाचार्य बताउनुहुन्छ। "हरेक वर्ष यहाँ आउने पर्यटकको सङ्ख्या बढ्दै गएको छ, धेरै संरचना बने तर प्रचारप्रसार कम भएको थियो, अहिले प्रचार पनि व्यापक भयो, सञ्चारमाध्यममा जतातत‍ै प्रचार भएपछि घुम्न आउनेको सङ्ख्या निकै बढेको छ, गत आर्थिक वर्षमा एक लाख बढी पर्यटकले शालग्रामको अवलोकन गरेका थिए, माघ अन्तिम सातादेखि अहिलेसम्म दुई महिनाको अवधिमा १२ हजार पर्यटकले सङ्ग्रहालयको अवलोकन गरेका छन्", ऋषि प्रपन्नाचार्यले भन्नुभयो, "पहिले मुक्तिनाथ जाने पर्यटक कम आउँथे, अहिले यही बाटो भएर यात्रा गर्ने हुँदा धेरै आउन थालेका छन्, अझै धेरै पर्यटक भित्र्याउने उद्देश्य राखेका छौँ, यहाँ अझै धेरै संरचना बन्दै छन्, केही वर्षपछि यो ठाउँमा दैनिक हजारौं पर्यटकको भीड लाग्ने छ।" शालग्राम सङ्ग्रहालय वरपर रङ्गविङ्कटेश्वर मुक्तिनारायण मन्दिरसहित मुक्तिनाथ वेद विद्याश्रम पाठशाला सञ्चालनमा छ। धार्मिक यात्रीले यहाँ आएर सबै क्षेत्रको अध्ययन र दर्शन गर्न पाउँछन्। पछिल्लो समय पशुपति, जनकपुर, लुम्बिनी र मुक्तिनाथको यात्रामा आउने धेरै भक्तजन तथा पर्यटकले शालग्राम सङ्ग्रहालयलाई प्राथमिकतामा पारेका हुन्। भारतको हरिद्वारबाट भ्रमणमा आउनुभएका रामविलास दासीले एकै ठाउँमा सवा लाख भगवान्‌को दर्शन गर्न पाएको बताउनुभयो।

संसार घुम्दा भट्याउन नसकिने भगवान् शालग्राम सङ्ग्रहालयमा भेट्न सकिने उहाँको भनाइ छ। यसभन्दा पहिला बागलुङ कालिकामा आएर पूजाआज गरेको सुनाउँदै सङ्ग्रहालयमा आउन नपाएको सुनाउनुभयो। बत्तीस जनाको टोली धार्मिक भ्रमणमा रहेको सुनाउँदै उहाँले पोखराको विन्ध्यवासिनी, म्याग्दीको गलेश्वर, मुक्तिना, बागलुङ कालिका, पञ्चकोट र शालग्रामको दर्शन गरेको बताउनुभयो।


**गण्डकी प्रदेश सरकार**
**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय**
**पर्यटन, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**पर्यटन तथा उद्योग कार्यालय, कास्की**

**फर्म बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

प्रथम पटक प्रकाशित सूचना २०८०/१२/०९

यस कार्यालयबाट मिति २०७४/१२/०२ मा कास्की जिल्ला पोखरा १४ कास्कीमा संचालन गर्ने गरि बुङ्दीकाली ०१ नवलपरासी निवासी बाल प्रसाद श्रेष्ठको नाउँमा दर्ता भएको फर्म दर्ता नं. १३६४८/लघु ६१५/०७४/०७५ (२९४६) को विन्दा एण्ड रिजन खाजा घर नामक फर्म मिति २०८०/१२/०९ मा फर्म बन्द गरीपाउँ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने फर्म बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिए(को छ। यदि सो फर्ममा अरु कसैको हकदावी एवं कुनै पनि प्रकारको सामाजिक दायित्वहरु तथा लेनदेन भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ। म्यादभित्र लिखित उजुरी नपरेमा उक्त उद्योग नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**पर्यटन तथा उद्योग कार्यालय**
**कास्की**